जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ४७ पृष्ठः ४ | २०८२ जेठ २२ गते बिहीबार (Thursday 05 June 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विज्ञापनमा पनि भ्रष्टाचार, आयोगद्वारा मुद्दा दायर प्रशासन

काठमाडौँ, २१ जेठ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा विभिन्न निर्माण ठेक्काको विज्ञापन प्रकाशनमा अनियमितता गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित केही विज्ञापन एजेन्सीका सञ्चालकविरुद्ध मुद्दा दायर गरेको छ। सो गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० मा विभिन्न चार वटा बोलपत्रको आह्वान र खरिद आशयको सूचना सार्वजनिक खरिद ऐन अनुसार राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने थियो। बोलपत्र आह्वानको सूचना लुकाउने उद्देश्यका साथ सार्वजनिक रूपमा प्रकाशन नगरी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना एकप्रति मात्रै प्रकाशित गरेको पाइएको आयोगको आरोप छ।

आयोगले सो गाउँपालिकका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रकुमार यादव, सह लेखापाल शत्रोहन दास, टाइम्स रिपब्लिक मिडियाका संस्थापक भूषणकुमार सिंह, डच मिडियाका निर्देशक रवि अर्याल, प्रभाव दैनिकका कृष्णबहादुर कार्कीविरुद्ध रु. तीन लाख १६ हजार चार सय बराबरको बिगो माग दाबी गरेको छ। आयोगका अनुसार प्रेस काउन्सिल नेपालले २०७९ चैत २३ गतेको पत्र अनुसार उक्त बोलपत्रको सूचना प्रकाशित नभएको पाइएको छ। खरिद आशयको सूचना सार्वजनिक तवरमा वितरण प्रयोजनार्थ प्रकाशित नै नभएको देखिएको छ। पत्रिका व्यवस्थापन प्रणालीको पिडिएफ अभिलेखमा समेत कुनै सूचना प्रकाशित भएको नदेखिएको आयोगको ठहर छ। बोलपत्र आह्वानको सूचना सौर्य दैनिकमा एक–एक प्रति मात्रै प्रकाशन गरे गराएको, प्रेस काउन्सिलमा बुझाइएको विवरणमा समेत उल्लेख नभएको, पिडिएफमा समेत नभेटिएको आयोगको आरोप छ। सार्वजनिक तवरमा वितरण नगर्ने गरी एक–एक प्रति प्रकाशित गरी बदनियत राखेको पाइएको आयोगको ठहर छ। आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले पाँच जनाविरुद्ध कैद र बिगो असुल उपरको माग दाबीका साथ मंगलबार विशेष अदालतमा मुद्दा दायर गरिएको जानकारी दिए।

## खुला सडकमै साप्ताहिक हाटबजार, दुर्घटनाको उच्च जोखिम
### बजार व्यसवस्थित गर्न नगरपालिकाले चासो नदिएको गुनासो



**मणिलाल विश्वकर्मा**

लहान, २१ जेठ। पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत सिराहाको गोलबजार खण्ड जिल्लाको मध्यभागमा पर्ने व्यस्त बजार हो। जहाँ सयौँ सवारीसाधन र सर्वसाधारणको आवतजावत भइरहेको हुन्छ। तर, सवारी आवगमन र भिडभाडयुक्त क्षेत्रमा साप्ताहिक हाटबजारसमेत लाग्ने हुँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ। हरेक मंगलबार र शनिबार लाग्ने हाटबजारमा सागसब्जी, तरकारी, भाँडावर्तन, फलफूल, कपडा पसल सडकमै राखिँदा सवारी दुर्घटनाको जोखिम भए पनि नगरपालिकाले चासो नदिएको सरोकारवालाको गुनासो छ। गोलबजार नगरपालिकाको केन्द्रसमेत रहेको नगरको गोलचोकदेखि करिब एक सय मिटर पश्चिम पेट्रोलपम्पसम्म सडकको दायाँबायाँ दुवैतर्फ लाग्ने हाटबजारले दुर्घटनाको जोखिम बढाएको उद्योग व्यपार संघ गोलबजारले जनाएको छ। 'हरेक साताको दुई दिन लाग्ने हाटबजारमा सामान किनमेल गर्न आउनेहरू व्यापारी र किसानसँग नगरपालिकाले राजस्वस्वरूप बट्टी उठाउँछ, तर बजारको सुरक्षा र व्यवस्थापनका लागि पटक्कै ध्यान दिएको छैन,' संघका अध्यक्ष विजय साहको गुनासो छ।

'सडक क्षेत्रमै लाग्ने हाटबजारमा जोखिम मोलेर किनमेल गर्नुपर्छ,' उनले भने, 'त्यसले सडकमा ओहोरदोहोर गर्ने, किनमेल गर्न आउने र बिक्री गर्ने सबैजना सवारी दुर्घटनाको जोखिममा छन्।' गोलचोकनजिकै पूर्वपट्टि म्याजिक, विंगर, बस र टेम्पो स्टेन्ड तथा पश्चिमतर्फ हाटबजार लाग्ने हुँदा कुनै पनि वेला दुर्घटना हुन सक्ने र त्यसले मानवीय क्षति हुन सक्नेतर्फ नगरपालिकाले ध्यान नदिएको उनको गुनासो छ। 'नगरपालिकाले बजार व्यवस्थापनका लागि भन्दै नाम मात्रको सर्वदलीय समिति बनायो, तर न कुनै काम भएको छ न त गर्न दिइएको छ,' उनले भने, 'संघले बजारको सुरक्षा र व्यवस्थापनका लागि करिब एक वर्षअघि नै प्रस्ताव बुझाएको छ। तर कुनै सुनुवाइ गरिएन।' सडकको दायाँबायाँ लाग्ने हाटबजारका कारण पैदलयात्री र सवारीसाधनका लागि पनि गोलबजार चुनौतीपूर्ण बन्दै गएको स्थानीय युवा

**–बाँकी दुई पेजमा**

## रौतहटमा ट्रक र इभी गाडी ठोक्किँदा दुई जनाको मृत्यु, दुई घाइते

रौतहट, २१ भदौ। पूर्व–पश्चिम राजमार्ग अन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिका–१ स्थित मंगलपुरमा ट्रक र विद्युतीय (इभी) गाडी एक आपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। सर्लाहीको बरहथवाबाट चन्द्रपुरतर्फ गइरहेको बागमती प्रदेश ०३–००१ ज ०४५२ नम्बरको सोकोन ब्रान्डको इभी गाडी र विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०३–००१ ख ८६०० नम्बरको ट्रक एक आपसमा ठोक्किँदा सर्लाही रामनगर गाउँपालिका–१ खैरवाकी ३६ वर्षीया भगिया देवी र ३० वर्षीय धिरेन्द्र ठाकुरको घटनास्थलमै मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले जानकारी दिए। दुर्घटनामा सोही ठाउँकी १८ वर्षीया रानीकुमारी यादव र रौतहट दुर्गाभगवती गाउँपालिका–५ बडहर्वाका १९ वर्षीय सरोज ठाकुर घाइते भएका छन्। उनीहरूको चन्द्रपुर अस्पताल प्रा.लि.मा उपचार भइरहेको छ। अस्पतालका चिकित्सक डा. सुभाष चौधरीका अनुसार दुबै जनाको अवस्था खतरामुक्त रहेको छ। घटनापछि ट्रक

**–बाँकी तीन पेजमा**






**चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।**

**घरबाहिर हुँदा**

- आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौ,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौ,
- खेतबारीमा काम नगरौ,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं, भुँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुँदा**

- टिभी र कम्प्युटरर्जस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौ, मोवाइल स्वीच अफ गरौ,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, झर्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं, भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सम्बन्धित मन्त्रालयले थाहै नपाई बजेटमा नीतिगत परिवर्तन

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उत्पादन भएको बिजुली किन्ने (टेक अर पे) प्रचलित अभ्यासको साटो किनेमात्रै पैसा तिर्ने (टेक एन्ड पे) नीति अपनाइने उल्लेख भएको छ। यस्तै अब विद्युत् खरिद सम्झौता पनि यही आधारमा गरिने लेखिएको छ। अहिलेसम्म सरकारले विद्युत् उत्पादनमा निजी क्षेत्रलाई सहभागी हुन दिए पनि प्रसारण र वितरणमा प्राधिकरणको एकाधिकार नै कायम राखेको छ। यसैले प्राधिकरणले किनेको मात्रै तिर्ने नीति अपनायो भने विद्युत् उत्पादनमा निजी लगानी त आउने छैन नै अहिले निर्माणाधीन आयोजना पनि डुब्नेछन्। आश्चर्यको विषय त के छ भने बजेटमा 'टेक एन्ड पे' शब्द कसरी प्रवेश गर्‍यो भन्ने विषयमा ऊर्जा मन्त्रालयका साथै अर्थ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरू सबैले अनभिज्ञता प्रकट गरेका छन्। कति गैरजिम्मेवार छ त सरकारी संयन्त्र !

ल भैगो यस प्रकरणमा कसैको नियतमा शङ्का नगरौँ। यसमा अर्थमन्त्रीलाई नीतिगत परिवर्तनबाट हुने लाभका सम्बन्धमा कसैले सहमत गराएको वा कुनै कर्मचारीलाई सही लागेको बुँदा मस्यौदाका क्रममा लेखिदिएको र पछि कसैले पनि ध्यान नदिएको हुनसक्छ। सुटुक्क बजेटमा प्रवेश पाएको यो शब्द सच्याइएन भने मच्चिने हलचल र त्यसको दीर्घकालीन परिणाम त प्रतीक्षाकै विषय भयो। तर, सरकारको साख भने यसले नराम्रोसँग गिरायो। अनि बजेट निर्माणको अभ्यासको 'अनुहार' पनि उदाङ्गिएको छ। संसद्समक्ष प्रस्तुत नहुँदासम्म गोप्य रहने बजेट वक्तव्यमार्फत् प्रचलित ऐनका प्रावधानका साथै नीति पनि बदल्ने अभ्यास अरू जे भए पनि लोकतान्त्रिक मान्न सकिँदैन। सरकारी संयन्त्रको लोकतन्त्रीकरणका लागि पनि 'सुटुक्क' नीतिगत परिवर्तन गर्ने यस्तो अभ्यास बन्द गरिनुपर्छ।

अर्थ, गृह, सामान्य प्रशासनजस्ता मन्त्रालयहरू अरू मन्त्रालयसँग पनि उत्तिकै जोडिएका हुन्छन्। यसैले होला ती मन्त्रालयका मन्त्री र सचिवहरूले आफूलाई 'सुपर' ठान्ने गर्छन्। प्रायः यी मन्त्रालयहरूले अर्को मन्त्रालयको अधिकार क्षेत्रमा समेत हस्तक्षेप गरिरहेका हुन्छन्। पञ्चायत कालमा समग्र राज्य संयन्त्रमा नियन्त्रण गर्नका लागि यस्ता 'सुपर मन्त्रालय'को अभ्यास प्रचलनमा ल्याइएको थियो। सामान्यतः यस्ता मन्त्रालयमा दरबारका विशेष विश्वास र कृपा पाउनेहरू नियुक्त हुन्थे। तर, लोकतन्त्रपछि पनि 'सुपर मन्त्रालय'को चलन कायमै राखियो। 'टेक अर पे' कि 'टेक एन्ड पे' जुन नीति अपनाए पनि बजेटमा प्रवेश कसरी भयो भन्ने विषयमा सरकारले स्पष्ट पार्नु आवश्यक छ। संसद्मा बजेटका विषयमा छलफल गरियो भने त्यहाँ पनि यो विषय उठ्ला नै।

हुकुमी शासनबाट लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा पनि व्यक्ति विशेषको तजबिजमा नीतिगत विषयमा समेत 'सुटुक्क' हस्तक्षेप गर्ने अभ्यास कायमै रहनु आपत्ति र चिन्ताको विषय हो। अन्यथा, लोकतान्त्रिक शासन व्यवस्था उपहास र व्यङ्ग्यको विषयमात्र बन्नेछ। सरकार जिम्मेवार र पारदर्शी बनोस्।१

# साझेदारी वनमा चरम बेथिति, उपभोक्ता निराश

**शारदा पोखरेल**

बारा, २१ भदौ। २०२४ सालमा रामेछापबाट तराई झरेका बृजलाल काफ्लेलाई उतिबेलाको घना जंगल, प्रशस्त पानी र बाक्लो घाँसे मैदान अझै सम्झनामा आउँछ। अब आउने पुस्ताले जंगल नै देख्न नपाउने भए भन्ने ठुलो चिन्ता छ काफ्लेलाई। 'उतिबेला घाँस र पानी प्रशस्त थियो। जंगलमा त पस्नै सकिँदैनथ्यो,' उनले भने, 'अहिले जंगलमा सिमलको रुख र रुख आउन नदिने झारबाहेक केही छैन।' काफ्ले बाराको कोल्हवीस्थित तामागढी साझेदारी वन उपभोक्ता समूहका सदस्य हुन्। उमेरले ७ दशक नाघेका उनलाई साझेदारी वन उपभोक्ता समिति गठन भएपछि वन–जंगल सखाप हुँदै गएको लाग्छ।

'बोल्नु हुँदैन बा ! यहाँ राज्यप्रति न सरकारलाई माया छ, न जनतालाई। कसैलाई माया छैन। यही माटोमा हुर्कनुपर्छ, खानुपर्छ भन्ने कसैलाई चिन्ता छैन,' उनले भने, 'आफू त बुढो भइयो। अब आउने पिँढीलाई धेरै गाह्रो छ। उनीहरूले वन–जङ्गल देख्न नपाउने भए।' २०५९ सालदेखि तामागढी साझेदारी वनमा हेरालुको काम गर्दै आएका प्रदिप खनाल पनि आफूले हेर्दाहेर्दै वन सबै सखाप भएको बताउँछन्। 'मैले ड्युटी गर्दागर्दै जंगल सिद्धिसक्यो,' उनले भने, 'पहिले चोरी तस्करी भएमा वन कार्यालयले जिम्मा लिन्थ्यो, अहिले त आफैँले कुटाइ खानुपर्छ। साझेदारी वनका मान्छेलाई कुनै मतलब छैन।' काफ्ले र बरालजस्तै कोल्हवी वडा नं २, हनुमानगञ्जका मोहन गोले पनि साझेदारी वन लागु भएदेखि वन–जंगल पूरै मासिएको, घाटगद्दीमा काठ कुहिने तर उपभोक्ताहरूले काठ नपाउने गरेको बताउँछन्।

तामागढी साझेदारी वन उपभोक्ता समितिका सदस्य गोलले वन–जंगल संरक्षणमा पालिका प्रमुख र वडा अध्यक्षले चासो देखाए पनि समितिका पदाधिकारी भने ठेकदारलाई काठ दाउरा बिक्री गर्नमात्रै चनाखो देखिएको टिप्पणी गर्दछन्। 'यो साझेदारी वन नै खारेज हुनुपर्छ। त्यसपछि मात्रै नागरिकलाई सुविधा हुन्छ। साझेदारी वन खारेज भए उपभोक्ताहरूले वनसँग सिधा कुरा गर्न पाउँछन्,' गोलेले भने। अहिले तामागढी साझेदारी वन क्षेत्रभित्र खयर, सिमल र माइकेनिया झारमात्रै भेटिन्छ। सो साझेदारी वन क्षेत्रबाट दैनिक सयौँ साइकल हरियो रुख र हुर्कंदै गरेका बिरुवाको लाश्रा सीमावर्ती क्षेत्र सिम्रौनगढसम्म पुग्दछ।

कोल्हवी–२, हनुमानगञ्जका पुष्कर तामाङ साझेदारी वनका पदाधिकारीलाई जंगल संरक्षणमा कुनै चासो नभएको बताउँछन्। 'साझेदारी उपभोक्ता समिति भनेको भ्रष्टाचारी संस्था हो। यिनीहरू ठेकदारलाई काठ बेच्ने र मिलेर खाने हो। हामी गाउँले बोलेर केही अर्थ छैन,' तामाङले भने, 'कति वर्ष भइसक्यो– हामीले एक टुक्रा काठ पाएको छैन।' स्थानीय उपभोक्ता तामाङ साझेदारी वन लागु भएपछि जंगल पूरै सकिएको टिप्पणी गर्दछन्। 'राष्ट्रिय वन हुँदा जंगल पनि बचेको थियो। साझेदारी भएपछि जंगल पनि मासियो। अहिले त हामीलाई यो साझेदारीको माया पनि लाग्न छोड्यो, मतलब पनि छैन,' उनले भने। तामागढी साझेदारी वन बाराको कोल्हवी नगरपालिकामा पर्दछ। रविन्द्र पनवरसहितका अधिकांश कार्यसमिति सदस्य सो साझेदारी वनमा तेस्रो पटक सञ्चालक समितिमा आएका छन्।

साझेदारी वनका पदाधिकारीहरूले वन डढेलो नियन्त्रण, तारबार, बिरुवा उत्पादन, वृक्षारोपण, झाडी सफाइ, वन क्षेत्र पल्ल्याउने, काठ–दाउरा उत्पादन तथा वितरणमा कुनै काम नगरेको उपभोक्ताहरूको गुनासो छ। घाटगद्दीमा काठ कुहिने तर घर, गोठ बनाउन पटक–पटक आवेदन दिए पनि नपाएको गुनासो उनीहरूको छ। अर्का उपभोक्ता श्याम श्रेष्ठले काँचो रुख काटेर साइकलमा ओसार्नेहरूसँग समूहका पदाधिकारीले प्रतिसाइकल सय रुपैयाँ लिएर छोड्ने गरेको आरोप लगाए। 'हाम्रो साझेदारी वन र छेउको रौतहटको जंगलबाट दैनिक २ सयदेखि ३ सय वटा साइकलमा काँचो दाउरा र लाश्रा कलैया, सिम्रौनगढसम्म पुग्छ तर कसैले रोक्दैनन्,' उनले भने, 'समितिका मान्छेले उल्टै प्रतिसाइकल सय रुपैयाँ लिएर छोडिदिन्छन्।'

साझेदारी वनभित्र देखिएको बेथिति यतिमै सीमित छैन। बाराको हलखोरिया साझेदारी वन उपभोक्ता समूहले अवैध ढंगले वनको करिब ५० बिघा जग्गा सय वर्षका लागि सम्झौता गरेर निजी कम्पनीलाई भाडामा दिएको भेटिएको छ। उपभोक्ता समूहले वार्षिक १ लाख २५ हजार रुपैयाँमा जग्गा भाडामा दिएको हो। साझेदारी वनका तत्कालीन अध्यक्ष राजकुमार अर्यालको कार्यकालमा सो जग्गा भाडामा दिने निर्णय भएको थियो। मन्त्रिपरिषद्को निर्णयबाहेक कानुनी रूपमा साझेदारी वनको जग्गा भाडामा दिने अथवा भूउपयोग परिवर्तन गर्न पाइँदैन। साझेदारीले वनले जग्गा भाडामा दिएको विषयमा झण्डै एक दर्जन डिभिजन वन अधिकृतसमेत अनभिज्ञ रहेको तथ्य अहिले खुलेको छ। वार्षिक कार्ययोजना अध्ययनको क्रममा वनको जग्गा भाडामा दिएको तथ्य खुलेपछि यस वर्ष डिभिजन वन अधिकृत राजिभकुमार झाले सम्झौता खारेज गरेर सो क्षेत्रमा वृक्षारोपणको तयारी गरेका छन्।

यसअघि वैज्ञानिक वन व्यवस्थापन लागु भएका बाराका दुई साझेदारीमध्ये हलखोरिया साझेदारी वनबाट मात्रै ५५ हजार क्युफिट सालको काठ उत्पादन भएको थियो। काठ उत्पादन भएका ती प्लट अहिले उजाड छन्। सो क्षेत्रमा झाडी सफाइ र बिरुवा उत्पादन हुन नसक्दा माइकेनिया झारले भरिएको छ। हलखोरिया साझेदारी वनको यो वस्तु स्थिति पूर्व–पश्चिम राजमार्ग अन्तर्गत पथलैया–निजगढ सडक खण्डमा यात्रा गर्ने जो कोहीले सजिलै देख्न सक्छन्। यता, निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको अधिकांश भूभाग परेको बाराको सहजनाथ साझेदारी वनको अवस्था पनि उस्तै छ। कांग्रेस–एमाले गठबन्धनले सःमिलका सञ्चालक भुवनेश्वर धामीलाई सहजनाथ साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित गरेको छ। धामी नेपाली कांग्रेसका कार्यकर्ता हुन्। उपाध्यक्ष र सदस्यहरूमा एमाले, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबिच बाँडफाँट गरिएको थियो। वन व्यवस्थापन समितिका अध्यक्ष धामीका छोरा श्रवण धामी काठ चोरी तस्करीका आरोपित भएर फरारको सूचीमा छन्। ७ दशक उमेर पुगेका धामी सहजनाथ साझेदारी वनमा तेस्रो पटक अध्यक्ष भएका हुन्।

कानुनमा उमेरको हदबन्दी र नैतिक आचरणबारे उल्लेख नभए पनि अवैध काठ चोरी तस्करी गर्ने, फरार सूचीमा रहेका व्यक्तिकै परिवार सदस्य र सःमिलका सञ्चालकलाई अध्यक्ष बनाउनु गलत भएको करैयामाई गाउँपालिका–१ का वडा अध्यक्ष सोनालाल साह बताउँछन्। उनी सो साझेदारी वनको उपभोक्तासमेत हुन्। सामान्य नैतिक आचरणसमेत पालना नगरेका दलहरूले साझेदारी वनलाई कमाइ खाने भाँडोमात्रै बनाएको उनको भनाइ छ। 'साझेदारी वनको घाटगद्दीमा करोडौँ मूल्यको काठ कुहिएको छ। हामी उपभोक्ताले तस्करीको काठ किनेर घर बनाउनु परेको छ,' साहले भने, 'साझेदारी वनमा पदाधिकारीलाई वन–जङ्गल संरक्षणमा कुनै चासो छैन। खाली २ नम्बरी बाटोबाट काठ बेच्ने, पैसा कमाउनेमात्रै हो।'

सहजनाथ साझेदारी वनमा नयाँ कार्यसमिति चयन भएको करिब १ वर्षको अवधिमा वन–जंगल संरक्षण, वृक्षारोपण उपभोक्तालाई काठदाउरा वितरण लगायतको कुनै काम नभएको साहको भनाइ छ। मधेस प्रदेशमै सबैभन्दा धेरै काठ उत्पादन हुने बाराको गढीमाई साझेदारी वनमा पनि समस्या उस्तै छ। वार्षिक ३० देखि ३५ हजार क्युफिट काठ उत्पादन गर्ने गढीमाई साझेदारी वनले उपभोक्ताहरूलाई काठ बिक्रीबाटै वार्षिक ३ करोड आम्दानी गर्दछ। यद्यपि आम्दानीको ठुलो हिस्सा प्रशासनिक काममा खर्च हुने गरेको उपभोक्ताहरूको गुनासो छ।

कानुनतः काठ दाउरा बिक्रीबाट भएको आम्दानीको ५० प्रतिशत रकम वन–जंगल संरक्षणमा खर्चनुपर्ने व्यवस्था छ। साझेदारीको वित्तीय कारोबारमा अध्यक्ष र सञ्चालक समितिले तोकेको एक जना सदस्यको मात्रै चेकमा हस्ताक्षर हुन्छ। यसअघि साझेदारी वनको चेकमा डिभिजन वन अधिकृत, सम्बन्धित साझेदारी वनको अध्यक्ष र लेखा अधिकृतको हस्ताक्षर हुन्थ्यो। ४ वर्षअघि रामसहाय प्रसाद यादव ( हालका उपराष्ट्रपति) वनमन्त्री हुँदा साझेदारी वन समूहलाई पूर्ण आर्थिक अधिकार दिने निर्णय भएको थियो। जसले गर्दा अहिले साझेदारी वनका सीमित पदाधिकारीको मिलेमतोमा आफूखुसी खर्च हुने गरेको उपभोक्ता बताउँछन्।

बाराको ४ वटा साझेदारी वनमा मात्रै होइन, मधेस प्रदेशका अधिकांश साझेदारी वनमा उस्तै खालका समस्या छन्। डिभिजन वन कार्यालय पर्साका प्रमुख मञ्जुर अहमदले साझेदारी वनभित्रका समस्या सबै ठाउँमा उस्तै भएको बताए। पर्सामा ३ वटा साझेदारी वन समूह छन्। राजनीतिक भागबन्डा नमिल्दा सबैया साझेदारी वनमा नयाँ कार्यसमिति चयन हुन सकेको छैन, जसले गर्दा घाटगद्दीमा काठ दाउरा कुहिने तर उपभोक्ताले तस्करीको काठ किन्नुपर्ने बाध्यता छ।

तामागढी साझेदारी वनका अध्यक्ष रविन्द्र प्रसाद पनवरले साइकलमा लाश्रा ओसारपसार गर्ने क्रम धेरै नियन्त्रण भएको दाबी गरे। उनले वृक्षारोपण र पुनः उत्पादनको कार्यक्रम राखिएको जानकारीसमेत दिए। 'हाम्रो वनमा कुकाठमात्रै छ। वार्षिक १० हजार क्युफिट काठ उत्पादन हुन्छ तर उपभोक्ताको माग धेरै छ,' उनले भने, 'पहिला पिकअपमै काठ चोरी तस्करी हुन्थ्यो। अहिले हामीले धेरै नियन्त्रण गरेका छौँ।' उत्तरदेखि दक्षिणसम्म जिल्लाको १६ वटै पालिका समेटेको ४ वटा साझेदारी वनमा एक लाखदेखि १ लाख २५ हजार उपभोक्ता आवद्ध छन्।

**'समूहको ध्यान काठ दाउरामा मात्रै छ'**

बाराका डिभिजन वन अधिकृत राजिभकुमार झाले अधिकांश साझेदारी वनले काठ–दाउरा बिक्रीबाट हुने आम्दानीतर्फ मात्रै ध्यान दिने गरेको बताए। 'सबै साझेदारी वनको लक्ष्य दिगो वन व्यवस्थापन गर्ने र काठ धेरै उत्पादन गर्नेतर्फ मात्रै छ। दिगो वन व्यवस्थापन पैसाविना हुँदैन,' झाले भने, 'दिगो वन व्यवस्थापन गर्न कोषमा पैसा हुनुपर्छ।' उनले साझेदारी वन समूहहरूले वार्षिक आम्दानीलाई तत्कालै खर्च गरिहाल्ने र कोषलाई खाली राख्ने गरेको बताए। 'साझेदारी वनमा समस्या छ, काठ उत्पादनमात्रै गर्ने, अरु काममा चासो नदेखाउने समस्या छ,' उनले भने।

साझेदारी वनहरूले आम्दानीको १० प्रतिशत प्रशासनिक खर्च गर्ने र बाँकी वन व्यवस्थापन र सामुदायिक विकासमा खर्च गर्नु पर्दछ। 'साझेदारी वनहरूमा आर्थिक कार्यविधि ल्याएर निगरानी राख्नु आवश्यक छ,' वन अधिकृत झाले भने, 'साझेदारी वनको कार्यविधि हामीले स्वीकृत गर्छौं, तर खर्च कहाँ गर्छन् भन्ने निगरानी राख्न आवश्यक छ।'

हाल बारामा वार्षिक करिव ४० देखि ४५ हजार क्युफिट काठ उत्पादन हुन्छ भने मधेस प्रदेशमा मात्रै वार्षिक २ लाख क्युफिट काठ उत्पादन हुने गर्दछ। डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले साझेदारी वनमा धेरै बेथिति बढेकाले आर्थिक रूपमा हस्तक्षेप गनुपर्ने स्थिति आएको बताए। 'कानुनमै संशोधन गरेर साझेदारी वनको आर्थिक अधिकार वन कार्यालय मातहत राख्ने तयारी भइरहेको छ,' वन अधिकृत सिंहले भने, 'यस विषयमा मन्त्रालय तहमा छलफल भइरहेको छ।' यता प्रदेश वन निर्देशनालय, मधेसका प्रमुख जगन्नाथप्रसाद जयसवालले साझेदारी वन उपभोक्ता समूहहरूको अधिकार कटौतीको विषयमा ठाउँठाउँका कुरा उठेको बताए। 'वित्तीय सुशासन कायम गर्न, आर्थिक अधिकार कटौती गर्न वन नियमावलीमै संशोधन गर्नुपर्छ। यस विषयमा मन्त्रालय तहमा कुरा उठेको छ,' उनले भने, 'जनताको माग अनुसार उहाँहरूलाई आर्थिक अधिकार दिइएको हो। अब जनताले विरोध गर्न थाले भने कटौती पनि हुनसक्छ।'

–बाँकी तीन पेजमा

## *खुला सडकमै ...*

सुरेश रायले बताए। 'त्यसका लागि स्थानीय सरकार नै जिम्मेबार बन्नुपर्छ,' उनले भने, 'सडक क्षेत्रमा पसल, ठेलागाडा, सागसब्जी र अन्य व्यापार गर्दा पैदलयात्रीलाई हिड्ने सकस हुने गरेको छ।'

**सर्वदलीय समितिले काम गर्दै छ : उपप्रमुख**

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले सडक क्षेत्रमा लाग्ने हाटबजार स्थानान्तरण र व्यवस्थापनका लागि नगर क्षेत्रमा क्रियाशील सबै राजनीतिक दल, स्थानीय उद्योग व्यापार संघ, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रतिनिधि रहने गरी नगर उपप्रमुखको संयोजकत्वमा सर्वदलीय समिति गठन गरिएको जानकारी दिए। 'समितिले कसरी काम गरिरहेको छ, संयोजकलाई नै सोध्दा राम्रो होला,' उनले भने। सर्वदलीय समितिकी संयोजक तथा नगर उपप्रमुख मान्ती साहले साप्ताहिक हाटबजार लाग्दै आएको धमिनीथान उत्तर पश्चिमपट्टिको ग्रामीण बजारलाई व्यवस्थित गरी सडक क्षेत्रमा लाग्दै आएको हाटबजार सार्ने योजना बनाएको बताइन्। 'करिब चार महिनाअघि गठन गरिएको समितिको बैठकले ग्रामीण बजारमा रहेका जीर्ण टहराहरूको मर्मत गरी भुइँमा ग्राभेल बिच्छ्याएर बजार सार्ने निर्णय गरेको छ,' उनले भनिन्, 'टहरा मर्मतसँगै ग्राभेल हाल्ने योजना छ।'

सडक क्षेत्रमा लाग्ने हाटबजारको कारणले बढ्दो सवारी सुरक्षा जोखिम घटाउन हरेक दिन गोलचोक क्षेत्रमा दुईजना ट्राफिक प्रहरी परिचालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानका प्रमुख ट्राफिक प्रहरी निरीक्षक पोषणराज थपलियाले बताए। 'अन्य दिन त त्यति समस्या हुँदैन, तर हटियाको दिन बिहानदेखि साँझसम्म अनिवार्य रूपमा ट्राफिक प्रहरी परिचालन गरिएको छ,' उनले भने, 'तथापि, हाटबजार हेर्ने निकाय स्थानीय सरकारले तदारुकता देखाएर बजार स्थानान्तरण नगरेसम्म सवारी सुरक्षा जोखिम घट्दैन।'

## साझेदारी वनमा...

देशभर ३२ वटा साझेदारी वन छन्, जसमा मधेस प्रदेशमा मात्रै १९ वटा छन्। नेपाल सरकारले २०५७ वैशाखमा मन्त्रिपरिषदको निर्णय अनुसार तराई क्षेत्रको वनका लागि चक्ला वन व्यवस्थापन अन्तर्गत साझेदारी वन व्यवस्थापनको अवधारणा ल्याएको हो।

**अनियमितता गरेमा हाम्रो संस्था टुट्छ : साझेदारी वन महासंघ**

साझेदारी वन महासंघ मधेस प्रदेशका अध्यक्ष गणेशजी प्रसाद साहले साझेदारी वन समूहहरूले अनियमितता गरे संस्था नै नरहने बताएका छन्। साहले साझेदारी वनहरूले आर्थिक नीति ल्याउनुपर्ने बताए। 'केही वर्ष हेरौँ, सुधार भएन भने पुनः चेकमा हस्ताक्षर गर्ने अधिकार वन अधिकृत अन्तर्गत राखौं,' अध्यक्ष साहले भने, 'कुनै नियम आउनासाथ खराब भन्न मिल्दैन। कहाँ अनियमिता भएको छ भन्नेबारे डिभिजन वन अधिकृतले निगरानी बढाउनु पर्छ।' अध्यक्ष साहले एउटा साझेदारी वनले उत्पादन गरेको काठ जिल्लाभरका उपभोक्ताले न्यूनतम् मूल्यमा उपभोग गर्न पाउनुपर्ने व्यवस्था लागु गर्नुपर्नेमा जोड दिए। साझेदारी वन महासंघ, मधेस प्रदेशका कोषाध्यक्ष लखनलाल साहले साझेदारी वन समूहले पाएको कानुनी अधिकार दुरुपयोग नगर्न अनुरोध गरेका छन्। 'हामीले बिरुवा उत्पादन गरेर दक्षिण भेगका सार्वजनिक जग्गामा, सडक छेउ र निजी जग्गामा वन लगाउने हो भने साझेदारी वन संरक्षण हुन्छ,' उनले भने, 'हामी आफैँ सचेत भएर जथाभावी चेक काट्नेलाई कारबाही गरौँ।'

सहज ढंगले उपभोक्ताहरूलाई काठ, दाउरा सस्तो मूल्यमा दिनुपर्ने साहको भनाइ छ। बाराका साझेदारी वनमा ए ग्रेडको काठ गोलाई भ्याटबाहेक प्रतिक्युफिट २ हजार, बी ग्रेडको १ हजार ६ र सी ग्रेडको १ हजार २ सय मूल्य पर्दछ। चिरान, यातायात लगायतको खर्च जोडेर उपभोक्ताको घरसम्म पुग्दा प्रतिक्युफिट काठको मूल्य ४ हजारसम्म (ए ग्रेड) पुग्ने साहको भनाइ छ।

# सफल बन्न जरुरी छ आत्म समीक्षा

हामी दिनभर व्यस्त रहन्छौं। काम, परिवार र दैनिक जिम्मेवारीहरूमा अल्झिरहन्छौं। के हामी सुत्नुअघि आफ्नो दिनको बारेमा सोच्ने समय निकाल्छौं त ? यदि छैन भने समय निकाल्नुहोस्। हामीले आज के गऱ्यौं ? के राम्रो भयो, के गलत भयो र के सुधार गर्न सकिन्थ्यो ? यी प्रश्नहरू सोध्नमा केवल ५ मिनेट खर्च गर्दा हाम्रो जीवनलाई नयाँ दिशा र आकार दिन सकिन्छ। आत्म–समीक्षा यस्तो साधारण तर शक्तिशाली बानी हो, जसले हामीलाई भावनात्मक रूपमा बलियो बनाउँछ, निर्णय प्रक्रियालाई सुधार्छ र हानिकारक बानीहरूलाई नियन्त्रण गर्न मद्दत गर्छ।

**किन यस्तो समीक्षा जरुरी छ, त ?**

जो सुत्नुअघि दिनभरिका क्रियाकलापको समीक्षा गर्छन्, उनीहरू भावनात्मक रुपमा बलिया हुन्छन्। उनीहरूको सोच्ने र निर्णय गर्ने तरिका बलियो हुन्छ। कमीकमजोरी र नराम्रो बानी नियन्त्रण गर्न सक्षम हुन्छन्। आइएएन मोर्गेन ब्रोन र सुजेन स्टाबाइलले लेखेको पुस्तक 'द रोड ब्याक टु यु'ले यही कुरालाई जोड दिएको छ। यो पुस्तकले आत्म–जागरूकता र आत्म–समीक्षाको महत्व सिकाउँछ। पुस्तकका अनुसार हरेक दिन विगत बन्छ, तर यदि हामीले त्यसबाट केही सिकेनौं भने, हामी उही गल्तीहरूको चक्रमा फसिरहन्छौं। आत्म–समीक्षा हाम्रो मनको ऐना हो, जसले हामीलाई आफ्ना गल्ती, भलाइ र सोचलाई गहिराइमा बुझ्न सक्षम हुन्छौं।

**सहज र प्रभावकारी**

आत्मसमीक्षा धेरै गाह्रो प्रक्रिया होइन, सुत्नुअघि तपाईंले आफ्ना लागि केही मिनेट मात्र निकालेर गर्ने यो सहज र प्रभावकारी बन्छ।ध्यानमा राख्नुपर्ने एउटै कुरा के हो भने समीक्षासँगै, तपाईंले आफूमा सुधारको दायरा पनि हेर्नुपर्छ। विश्वका महान् व्यक्तिहरूले पनि आत्मसमीक्षा गर्दै आएका छन्। अमेरिकी लेखक एलिसा रोमियोले पनि यो सिफारिस गर्छन्। आत्मसमीक्षा कसरी गर्ने ? यसको पनि केही तरिका छन्। आत्मसमीक्षा भनेको दिनभरिको आफ्नो विचार, भावना र कार्यप्रति विचार गर्नु र गलत भए सुधार्नु हो।

**१. शान्त कोठाको कुना रोज्नुहोस्**

यदि साँझ यो प्रयास गर्न चाहेमा त्यस्तो ठाउँमा बस्नु उपयुक्त हुन्छ, जहाँ कसैले बाधा नपुऱ्याओस्। मोबाइल, टिभी, सञ्चारका साधन सबै कुरा बन्द गर्नुपर्छ। जति शान्ति र एकान्त हुन्छ, यो कार्य त्यति नै सजिलो हुनेछ।

**२. आफैँलाई प्रश्न सोध्नुहोस्**

आत्मसमीक्षा गर्ने उत्तम तरिका भनेको आफैँलाई केही प्रश्नहरू सोध्नु र इमानदारीपूर्वक जवाफ दिनु हो।

**३. सोच्नुहोस् वा उत्तरहरू केहीमा लेख्नुहोस्**

यदि डायरी लेख्ने बानी छ भने, यो कार्य अझ सजिलो हुन सक्छ। यदि लेख्नुहुन्न भने यसले फरक पार्दैन। आफ्नो मनमा प्रश्न गर्ने र उत्तरहरू सोच्ने। समीक्षा गर्दा देखाउनका लागि होइन, मनबाट बोल्नुपर्छ।

**४. आफैँलाई अन्याय नगर्नुहोस्**

यदि गल्ती भएमा अचानक चिन्तित हुनु आवश्यक छैन। हामी सबै मानिस हौं, मेसिन होइनौं। सबैले गल्ती गर्छन्। गल्तीबाट सिक्न खोज्नुपर्छ। आत्म–समीक्षाको उद्देश्य आफूलाई बुझ्नु हो, आफूलाई श्राप दिनु होइन।

**५. बिस्तारै सुधार गर्नुहोस्**

सम्पूर्ण जीवन रातारात परिवर्तन हुँदैन। यसका लागि हरेक दिन सानो सुधार पर्याप्त छ। हरेक दिन १ प्रतिशत राम्रो बन्ने प्रयास गर्नुहोस्। बिस्तारै सबै कुरा परिवर्तन हुनेछ।

**यी गल्ती गर्नुहुँदैन**

आत्म–समीक्षाको उद्देश्य आफूलाई सुधार गर्नु हो, आफूलाई परीक्षण गर्नु होइन। धेरै मानिसहरू यसो गर्दा अत्याधिक कडा हुन्छन्, आफूलाई अरूसँग तुलना गर्न थाल्छन् वा सबै कुरामा आफ्नै गल्तीहरू खोजिरहन्छन्। यसो गर्दा जीवन सहज हुनुको सट्टा आत्म–समीक्षा बोझ बन्छ।

– आत्म–समीक्षालाई हावी हुन नदिने

– आत्म–समीक्षा र अति सोचाइमा केही सूक्ष्म भिन्नता छ। केहीमा आत्म–समीक्षा गरिरहेको भन्दै नजानेर विगतका कुरा बारम्बार दोहोर्याएर आफैलाई थकाइरहेका हुन्छन्।

– आत्म–समीक्षाले समाधानतर्फ लान्छ, जब कि अत्याधिक सोचले भ्रममा पार्छ।

– आफ्ना कमजोरीहरूमा मात्र ध्यान केन्द्रित दिने गर्नुहुँदैन। दिनभरि गरेका सबै राम्रा कामहरू सम्झने गर्नुपर्छ। त्यो प्रेरणा बन्नेछ।

– आत्म–समीक्षालाई बोझ नबनाउनुहोस्, यो जबरजस्ती गरिएको बानी होइन। मन शान्त हुँदा मात्र गर्नुपर्छ।

– धेरै सोचेर आफूलाई तनाव दिनुहुँदैन। प्रत्येक प्रश्नको उत्तर एकैदिन पाउनु आवश्यक छैन। केही कुराहरूमा समय लाग्छ।

– आफूलाई कहिल्यै अरूसँग तुलना गर्नुहुँदैन। किनकि सबैको जीवन, चुनौतीहरू र गति फरक हुन्छन्।

# लहानमा लागुऔषध ओनेरेक्स सिरफका १९३ बोतल सहित एक जना पक्राउ

**ओम प्रकाश यादव**

लहान, २१ जेठ। सिरहा जिल्लाको लहानमा प्रहरीले ठूलो परिमाणमा लागुऔषध बरामद गरेको छ। गोप्य सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले लहान नगरपालिका–४ कुमाल टोलबाट ओनेरेक्स सायरपका १९३ बोतल बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय सिरहा र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको टोलीले मिति २०८२ साल जेठ २० गते बिहान करिब १०:३० बजे लागूऔषध ओसारपसार भइरहेको भन्ने सूचना पाएपछि निगरानी बढाएको थियो। त्यस क्रममा स–५–प–७४३ नम्बरको मोटरसाइकलमा सवार एक व्यक्ति कुमाल टोल क्षेत्र हुँदै लागुऔषध लिएर गइरहेको अवस्थामा प्रहरीले उनलाई पछ्याएको थियो।

तर प्रहरी देखेपछि मोटरसाइकल चालकले कुमाल टोलमै जुटको बोरा फालेर फरार भएका थिए। बोरा खोलेर जाँच गर्दा निलो प्लास्टिकमा बेरिएको अवस्थामा 'ONEREX SYRUP !)) ml' लेखिएको १९३ बोतल लागुऔषध फेला परेको प्रहरीको भनाइ छ। मोटरसाइकल र लागुऔषध नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा ल्याइएको छ। अनुसन्धानको क्रममा मोटरसाइकलका वास्तविक धनी लहान नगरपालिका–१९ चस्ने निवासी २२ वर्षीय मो. नसरुल रहेको खुलेको छ। फरार रहेका नसरुललाई प्रहरीले सोही दिन (२०८२/०२/२०) दिउँसो करिब २:३० बजे लहान नगरपालिका–७ स्थित लहान बजारबाट पक्राउ गरेको हो। पक्राउ परेका नसरुललाई लागुऔषधसम्बन्धी मुद्दामा थप अनुसन्धान गर्न जिल्ला अदालत सिरहाबाट पाँच दिनको म्याद लिएर इलाका प्रहरी कार्यालय लहानमा राखिएको छ।

प्रहरीका अनुसार ओनेरेक्स सायरप सामान्यतया खोकिको औषधिका रूपमा प्रयोग हुने भए पनि यसलाई मादक पदार्थको रूपमा दुरुपयोग गरिने भएकाले लागुऔषध नियन्त्रण ऐनअन्तर्गत प्रतिबन्धित सूचीमा राखिएको छ। प्रहरीले लागुऔषध ओसारपसार र कारोबारमा संलग्नहरूलाई नियन्त्रणमा लिई कानुनी कारबाही अगाडि बढाउने कार्यलाई अझ कडाईका साथ अघि बढाइने जनाएको छ।

## रौतहटमा ट्रक...

चालक हेटौंडा उपमहानगरपालिका–१३ का ग्यालसेन थोकर र इभी गाडी चालक सर्लाही रामनगर–३ का आकाश सिंहलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी राजकुमार राईले बुधबार जानकारी दिए।












# कमलामा नयाँ पुलका लागि बजेट माग्दै राजनीतिक दलहरुलाई ध्यानाकर्षण पत्र

**मणिलाल विश्वकर्मा**

लहान, २१ जेठ। पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत सिरहा धनुषा जोड्ने कमला नदीमा नयाँ पुल निर्माणका लागि बजेट छुट्याउन माग गर्दै मधेश प्रदेश सभामाप्रतिनिधित्व गर्ने राजनीतिक दललाई ध्यानाकर्षण पत्र बुझाइएको छ। कमल पुल निर्माण संघर्ष समितिले बुधबार प्रादेशिक राजधानी जनकपुरधाममा मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने कांग्रेस, एमाले, माओवादी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, एकीकृत समाजवादीलगायत १० राजनीतिक पार्टीका संसदीय दलका नेताहलाई ध्यानाकर्षण पत्र बुझाएको हो। ध्यानाकर्षण पत्र बुझ्दै दलका नेताहरूले आगामी १ असारमा प्रदेश सरकारले ल्याउने बजेटमा कमला पुलका लागि बजेट छुट्याउन पहल गर्ने प्रतिबद्धता जनाएको संघर्ष समितिका संघर्ष समितिका संयोजक इञ्जिनियर प्रविण यादवले बताए।



**बजेट नछुट्याए आमरण अनसनमा बस्ने**

संघर्ष समितिका सदस्य समेत रहेका सिरहा नगरपालिका–६ का वडाध्यक्ष इञजित यादवले पटक पटक पुल पुनःनिर्माणका लागि संघीय र प्रदेश सरकारसहित विभिन्न दलका नेता, विभागीय मन्त्रीहरूले उधारो आश्वासन मात्र दिएकाले यसपटक बजेट नछुट्याए आमरण अनसनसहित आन्दोलन गर्ने चेतावनी दिएका छन्। 'पूर्व प्रधानमन्त्रीहरू, विभागीय मन्त्रीहरू, संघीय सांसद्हरू आ–आफ्ना दलका नेता कार्यकर्ताहरूको जुलुशसहित कमला पुल निरीक्षणको नाममा आएर फोटो खिचाउने र पहल गर्ने आश्वासनबाहेक केही गरेनन्,' उनले भने 'यो पल्ट उधारो आश्वासनले मान्दैनौं।'

प्राविधिक रुपले पनि कमलामा भासिएको पुलको पुनर्निर्माण नहुने दाबीसहित त्यसअघि कमलामा नयाँ पुल निर्माणको माग गर्दै संघर्ष समितिको आह्वानमा सिरहा र धनुषाका १० युवा मुख्यमन्त्री कार्यालय अगाडि (गत ४ भदौ)मा आमरण अनसन बसेका थिए। अनसन बसेको चौथो दिन ७ भदौमा मुख्यमन्त्री सतिशकुमार सिंहसँग भएको चार बुँदे सम्झौताअनुसार कमलामा नयाँ पुल निर्माणका लागि आर्थिक वर्ष ०८२/०८३ को बजेटमा व्यवस्था गर्न संघीय सरकारसँग पहल गर्ने, त्यो सम्भव नभए सम्पूर्ण बजेट प्रदेश सरकारकै श्रोतबाट ब्यहोर्ने, १ मंसिर ०८१ भित्र निर्माणका लागि डिपीआर तयारी गर्न बोलपत्र आह्वान गर्ने उल्लेख भएपनि कुनै पनि काम नभएको समितिले जनाएको छ।

संघीय सरकारले आव ०८२/०८३ को बजेटमा कमला पुलको नाम समेत नलिएकाले मधेश प्रदेश सरकारले पुल निर्माणको ग्यारेण्टी गर्नैपर्ने समितिको माग छ।

**नदी वारपार गर्न जोखिम**

पूर्व पश्चिम हुलाकी सडकमा पर्ने सिरहा धनुषा जोड्ने कमला पुलको नदी नियन्त्रण र पहुँच मार्गबाहेक अन्तिम चरणको काम भइरहेका बेला १७ असार ०७८ मा बाढीले पुलको सिरहातर्फ दोस्रो र त्यही वर्षको ३ कार्तिकमा धनुषातर्फ तेस्रो पाया भाँसिएपछि पुल निर्माण रोकिएको थियो।

पछिल्लो पुसदेखि सुस्त गतिमा चलिरहेको पुनर्निर्माणको काम पनि चैतको तेस्रो सातादेखि ठप्प छ। कमलामा पुल नहुँदा दैनिक पाँच हजारभन्दा बढी सर्वसाधारण नदी वारपार गर्न बर्खामा डुंगा र हिउँदमा बाँस र प्लाई हालेर बनाइएको अस्थायी पुलबाट जोखिम मोल्न बाध्य छन्। कमला नदीमा चार सय ६९ दशमलव दुई मिटर लामो पुल बनाउन ३१ जेठ ०६८ मा भएको सम्झौताअनुसार ३० मंसिर ०७१ सम्म निर्माण सम्पन्न गर्ने भनिए पनि पटक–पटक थप हुँदै अन्तिम म्याद ३० असार ०८० तोकिएको थियो।

पप्पु लुम्बिनी जेभीले साढे तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनीले गर्दै आएको थियो। असार मसान्त ०८१ सम्म भाँसिएको पुलको पुनःनिर्माण सम्पन्न गर्न हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र बिल्डर्सबिच २४ वैशाख ०८० मा सम्झौता भएको थियो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सडक डिभिजन कार्यालय**
**लहान, सिरहा**

**सडक डिभिजन कार्यालय लहानको सूचना !**

वन, फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय संचालन गर्ने, बिना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसार पोसार गर्ने सबै कार्य वन अपराध हुन्। यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम बरामद वन पैदावारको विगो जफत गरी अधिकतम् पाँच वर्ष सम्म कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ। त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनु हुन सबैमा अनुरोध गरिन्छ।

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
जल स्रोत तथा सिंचाई विभाग
**कमला सिंचाई व्यवस्थापन कार्यालय**
**पोर्ताहा, धनुषा**

**सर्वसाधारणमा अनुरोध**

- नहर तथा कुलो नमिचौं र सिंचाई श्रोतको संरक्षण गरौं।
- नहरको डिलमा घर नबनाऔं, आफू बचौं र नहर जोगाऊ।
- नहर सार्वजनिक सम्पत्ति हो, जसको रेखदेख गर्नु सबैको कर्तव्य हो।
- नहर क्षेत्रामा गैरकानूनी निर्माण कार्य रोकी, यसको संरक्षण गरौं।
- वर्षत् र नदीनालाको पानी सञ्चित गरी सिचाईमा उपयोग गरौं।
- बाढी पहिरोबाट बच्न नहर क्षेत्रको अतिक्रमण होइन संरक्षण गरौं।
- नहर फराकिलो फराकिलो बनाई, यसको संरक्षण र सम्बर्द्धन गरौं।
- नदी तथा तटीय क्षेत्रमा जल उत्पन्न प्रकोपबाट हुने सम्भावित क्षतिबाट सतर्क र सचेत रहौं।

मधेश प्रदेश सरकार
प्रदेश वन निर्देशनालय
उद्योग, पर्यटन तथा वन मन्त्रालय
**डिभिजन वन कार्यालय**
**सिरहा, लहान**

**जनहितमा जारी सन्देश**

- वन, वन्यजन्तु, जल र जमिन प्रकृतिको अमूल्य उपहार, यिनको संरक्षण, सम्बर्द्धन र सदुपयोग हाम्रो जीवनको आधार।
- वनले दिन्छ स्वच्छ वायु, स्वास्थ्य र जीवन र दीर्घायू।
- वनमा आगो लगाउनु हुन्न, ध्वस्त हुन्छ वन, लाखौं जीवजन्तु मर्दा कति रोला हाम्रो मन।
- त्यसैले वनभित्र सलाई, लाईटर, पेट्रोल, मट्टितेल जस्ता आगो जन्यवस्तु नलगौं, चुरोट, ठुट्टा, सलाईको काँटी जस्ता आगो लाग्ने वस्तु वन क्षेत्र भित्र नफालौं, सो प्रयोग पश्चात् राम्रो सँग निभाएर मात्र फालौं।
- वनभोज जस्ता कार्य वन क्षेत्रभित्र नगरी, गरेको ठाउँमा प्रयोग गरिएको आगो राम्रो संग निभाऔं।
- केही कारणले वनमा आगो लागि सकेपछि तुरुन्त वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेवा, जिल्ला प्रशासन कार्यालर्या खबर गरौं र प्रत्येक उपभोक्ता आगो निभाउने सामाग्री बोकी आगो निभाउन जाऊँ।
- वन मा आगो लगाउनु कानूनी अपराध हो, कसैले लगाएमा बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ।

**योग किन गर्ने ?**




**नरहा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

**योग किन गर्ने ?**




**नवराजपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**योग किन गर्ने ?**




**अर्नमा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)